# बाल अधिकार तथा व्यवसायका सिद्धान्तहरू

हाम्रो दीगो भविष्यकालागि बाल अधिकारमा लगानी अत्यावश्यक छ। सबै बालबालिकामा मानव अधिकार लागु हुन्छ। यी अधिकारको रक्षा गर्नाले सबल तथा शिक्षित समुदायको निर्माण हुन्छ जुन स्थिर, समावेशी तथा संरक्षण सहितको व्यवसायिक वातावरणको निर्माणमा अपरिहार्य हुन्।

आफ्ना रणनीति तथा कार्यव्यवस्थामा बाल अधिकारलाई समाहित गर्ने तथा तिनलाई सघाउने व्यवसायले बालबालिका तथा समाजलाई लाभान्वित गर्नुको साथै आफ्नै व्यवसायको लागिपनि वास्तविक लाभ सिर्जना गरिरहेको हुन्छ। बाल अधिकारको संरक्षणमा सकारात्मक योगदान दिनाले व्यवसायको प्रतिष्ठा वृद्धि हुनुको साथै जोखिम व्यवस्थापनमा सुधार आउँछ र व्यवसाय सञ्चालनका लागि सामाजिक अनुमति पनि प्राप्त गर्न सकिन्छ। त्यसैगरि व्यवसायमा कार्यरत कर्मचारीका साथै व्यवसाय सञ्चालन गरिएको स्थानमा बसोबास गर्ने समुदायबाट सहयोगपनि प्राप्त गर्न सकिन्छ। बालबालिकाको सर्वोपरी हितमा प्रतिबद्धता जनाउने संस्थाले उत्प्रेरित र लगनशील जनशक्ति प्राप्त गर्ने सम्भावना रहन्छ जो लामो समयसम्म टिकिरहन्छ। उदाहरणको लागि, अभिभावक तथा हेरचाहकर्ताको भुमिका निभाउन आफ्ना कर्मचारीलाई सघाउनु, र युवा रोजगारलाई प्रवर्धन गर्दै आगामी पुस्तालाई व्यवसाय सञ्चालनका लागि आवश्यक सीप सिकाउनु आदि व्यवसायले अवलम्बन गर्न सक्ने केहि ठोस कदमहरू हुन्।

**बाल अधिकार तथा व्यवसायका सिद्धान्तहरू**ले व्यवसायहरूले बाल अधिकारको सम्मान गर्दै अवलम्बन गर्न सक्ने ठोस कदमहरू औंल्याएको छ। यस अन्तर्गत बाल अधिकारमा पर्न सक्ने नकारात्मक असरहरूको रोकथाम र सम्बोधन गर्नुका साथै बाल अधिकारको प्रवर्धन गर्न व्यवसायहरूले अपनाउन सक्ने नीति तथा प्रावधानहरू पर्दछन्। साना वा ठुला सबै प्रकारका उद्यमहरूले समाजमा पार्न सक्ने सकारात्मक प्रभावहरू औंल्याउनुको साथै व्यवसायका असल अभ्यासहरू प्रवर्धन गर्ने सोच राखेको छ। यी सिद्धान्तहरूले संसारभरका व्यवसायहरूलाई बाल अधिकारमा उनीहरूले पारेको प्रभावको मुल्यांकन गर्न र यस क्षेत्रमा सकारात्मक योगदान दिन आव्हान गरेको छ।

## व्यवसायले चाल्न सक्ने कदमहरू

यी दश सिद्धान्तहरूले बाल अधिकारको सम्मान र सम्वर्धन गर्न व्यवसायहरूले अवलम्बन गर्न सक्ने कदमहरू पहिचान गरेको छ।




पहिलो सिद्धान्तले सामाजिक उत्तरदायित्व अन्तर्गत व्यवसायहरूले चाल्न सक्ने तीन प्रमुख कदमहरू चित्रण गरेको छ जसमा नीतिगत प्रतिबद्धता, कानूनी दायित्व तथा क्षति न्युनिकरण पर्दछन्। यो सिद्धान्तले व्यवसायहरूलाई बाल अधिकारको सम्मानका अतिरिक्त तिनको सम्वर्धन र प्रवर्धन गर्न समेत प्रोत्साहित गरेको छ। यी कदमहरू बाल अधिकारका चार आधारभूत सिद्दान्तहरू - जीवन रक्षा र विकासस सर्वोत्तम हितका बारेमा चासोस सहभागिता र अभिव्यक्ति स्वतन्त्रतास र सबैलाई समान व्यवहार ( जुनसुकै जाति, लिंग वा अपांगताको अवस्था रहेतापनि)मा आधारित छन्।



व्यवसायका विज्ञहरू, बाल अधिकार सम्बन्धी विशेषज्ञहरू, नागरिक समाज, सरकार तथा बालबालिकासँगको अन्तर्क्रियाबाट बाल अधिकार तथा व्यवसायका सिद्धान्तहरूको विकास गरिएको हो। सेभ द चिल्ड्रेन, युनिसेफ, संयुक्त राष्ट्रसंघीय ग्लोबल कम्प्याक्टले बालबालिकासँग सम्बन्ध राख्ने जुनसुकै स्थानका व्यवसायहरूका लागि यी सिद्धान्तहरू उत्प्रेरक र मार्गनिर्देशक हुने आशा गरेका छन्।

बालबालिकामा पर्न सक्ने सम्भावित प्रभावका साथै आफ्नो कार्यक्षेत्र, बजार, समुदाय तथा वातावरणसँगको अन्तर्क्रियामा यी सुझावहरू अवलम्बन गर्न बाँकि नौ सिद्धान्तहरूले सुझाएका छन्।

**उपरोक्त सिद्धान्तहरू व्यापारिक गतिविधिहरूमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ**




१ **बाल अधिकारको सम्मान गर्न** आवश्यक जिम्मेवारी पुरा गर्ने र बालबालिकाको मानव अधिकारलाई सघाउन प्रतिवद्ध हुन

२ सबै व्यापारिक गतिविधि तथा सम्बन्धहरूमा **बाल श्रम उन्मुलन** गर्न योगदान दिने

३ सबै व्यापारिक गतिविधि तथा कार्यक्षेत्रमा **बालबालिकाको संरक्षण र सुरक्षा** सुनिश्चित गर्ने

४ **युवा श्रमिक, अभिभावक तथा हेरचाहकर्ताहरू**लाई सम्मानजनक रोजगार दिने

५ आफ्ना **वस्तु/सेवाहरू सुरक्षित** रहेको सुनिश्चित गर्नुको साथै तिनका माध्यमबाट बाल अधिकारमा सघाउने कोशिस गर्ने

६ **व्यापार प्रवर्धन र विज्ञापन** गर्दा बाल अधिकारको सम्मान गर्ने र सघाउने

७ **वातावरण र भुमि अधिग्रहण तथा उपयोग**का सन्दर्भमा बाल अधिकारको सम्मान गर्ने र सघाउने

८ **सुरक्षा व्यवस्था**मा बाल अधिकारको सम्मान गर्ने र सघाउने

९ **आपतकालीन परिस्थिती तथा संकट**बाट प्रभावित बालबालिकाको संरक्षण गर्ने

१० बाल अधिकारको संरक्षण र संवर्धन गर्नमा **समुदाय र सरकार**को कार्यक्रमलाई सहयोग पुर्याउन